वस्तुत: जिम्मेवारीपनले शासकले के गर्छ र कसरी गर्छ भन्ने कुरालाई औंल्याउाछ । जनताको भावनासाग खेलवाड गर्ने होइन त्यसको कदर गर्ने नै जिम्मेवारीताको द्योतक हो । सुशासनले शासकबाट यही व्यवहारको अपेक्षा गर्छ ।

## २. पारदर्शीताः

यो पनि सुशासनको एक महत्वपूर्ण तत्व हो । पारदर्शीताले मुख्यत: राजनीतिक निर्णय-निर्माणमा जनताको पहुाचलाई जनाउाछ । सरकारले काम गर्दा गुपचुप गर्न थाल्यो, अथवा आध्यारो कोठामा बसेर जनतालाई असर पर्ने कुरामा जनइच्छालाई ख्यालै नगरी निर्णय गर्न थाल्यो, अथवा अदृश्य वा गैरसंवैधानिक शक्तिकेन्द्रको इशारामा काम गर्न थाल्यो भने त्यसले समस्या सृजना हुन्छ । त्यसैले हिजोआज नागरिकहरूलाई सूचनाको अधिकार प्रत्याभूति गर्ने चलन पनि चलेको छ । वस्तुत: लोकतन्त्रमा जनतालाई सरकारी क्रियाकलापहरूबारे सूचना माग्ने हक समेत हुन्छ । राष्ट्रिय सुरक्षासाग सम्बन्धित र वर्गीकृत जानकारीहरू बाहेक अन्य विषयहरूमा जानकारी दिन सरकार बाध्य पनि हुन्छ ।

पारदर्शीता खुला समाजको महत्वपूर्ण विशेषता पनि हो । यदि सरकार आफ्नो काममा पारदर्शी भएन अथवा त्यसका निर्णयमा जनपहुाच भएन भने भ्रष्टाचारको सम्भावना बढेर जान्छ । कैयौं पटक लोकतान्त्रिक शासन व्यवस्थामा पनि अनेकौं नियम-कानुनको आड लिएर शासकहरू सट्याक-सुटुक काम गर्न खोज्दछन् । त्यसो गर्दा ती कामहरूमा अख्तियारको दुरुपयोग एवं भ्रष्टाचारको गन्ध आउाछ । पारदर्शीता हुादा सरकार कसको पक्षमा निर्णय गर्दैछ, के कस्तो अथवा के र कसको दबाब वा प्रभावमा परेर काम गर्न खोज्दैछ भन्ने कुरा थाहा हुन्छ । यसले जनतालाई सङ्गठित ढङ्गले विरोध गर्न र जनदबाबका माध्यमबाट जनविरोधी निर्णय हुनबाट रोक्न सजिलो पर्छ । सरकारले गर्न खोजेका कैयौं गलत कामहरू समयभन्दा अघि भेद खुलेर रोकिएका पनि हुन्छन् । त्यसैले हिजोआज अन्तर्राष्ट्रिय स्तरमा पनि पारदर्शीतालाई बढावा दिन थालिएको छ । पारदर्शीता अन्तर्राष्ट्रिय (Transperancy International)जस्ता संस्थाहरू भ्रष्टाचारका विरुद्ध कम्मर कसेर लागेका छन् । यसबाट के बुझिन्छ भने पारदर्शीता पनि शासनको गुणवत्तालाई निर्धारण गर्ने एक महत्वपूर्ण कसी हो ।

## ३. वैधानिकताः

यसको सम्बन्ध शासकको शासन गर्न पाउने अधिकारको वैधता वा औचित्यसाग छ। वैधानिकता विनाको शक्ति भनेको नाङ्गो बल हुनजान्छ । वैधानिकताले शक्तिको उचित प्रयोगलाई पनि जनाउाछ । लोकतन्त्रमा आवधिक निर्वाचनले शासकको वैधानिकता स्थापित गर्छ । त्यसैले जब कुनै लोकप्रिय शासकले आफ्नो शहासनाधिकारमा व्यवधान खडा भएको पाउाछ उसले ताजा जनादेश (Fresh Mandate) को माग गर्छ । शासनसाग वैधानिकताको यति अन्योन्याश्रित छ कि परम्परागत समाजमा पनि राजाको मृत्युपछि राजगद्दीमा आरुढ भैसकेको राजाले ठूलो



उत्सवका साथ आफ्नो राज्याभिषेक गर्छ । वास्तवमा राज्याभिषेक पनि एक किसिमलेशक्तिको वैधानिकीकरण (Legitimisation of Power) हो । कुनै क्रान्ति वा सैनिक विद्रोहपछि शक्ति कब्जा गर्ने आन्दोलन वा गिरोहले पनि संविधान बनाएर र चुनाव गराएर तथा अन्य आवश्यक उपायहरूको अवलम्बन गरेर आफ्नो शक्तिलाई वैधानिकता दिलाउने प्रयत्न गर्दछ। सैनिक वर्दी फ्याकेर नागरिक पहिरनमा प्रस्तुत हुनु पनि वैधानिकताकै मागहो । वस्तु: वैधानिकीकरणपछि नै शक्तिसत्तामा रूपान्तरित हुन्छ ।

यहाा ध्यान दिनुपर्ने कुरा के छ भने वैधानिकताले के पनि अपेक्षा गर्छ भने शासकले आफ्नो शक्ति उचित ढङ्गले प्रयोग गर्नुपर्छ । शक्ति हातमा छ भन्दैमा त्यसको दुरुपयोग गऱ्यो वा मनपरी ढङ्गले संचालन गऱ्यो भने त्यसले आफ्नो वैधानिकता गुमाउाछ । त्यसैले सुशासनको अपेक्षा नै के हो भने आफूले पाएको शासनाधिकारलाई शासकले उचित ढङ्गले प्रयोग गरोस् । उचित ढङ्गले प्रयोग नगरिएको अख्तियारले आफ्नो वैधता गुमाउाछ। यस्तो वैधानिकता विरुद्ध त विद्रोह गर्नु पनि न्यायोचित मानिन्छ ।

## ४. विधिको शासनः

विधिको शासन भनेको मुलुकमा सबै अर्थात शासनको शीर्ष स्थानमा बसेको व्यक्ति र गल्लीमा हिंडिरहेको अनाम नागरिक पनि एकै कानुनको अधिनमा रहन्छन् भन्ने मान्यता हो । यसले जन्म वा कुलकै आधारमा कसैले विशेषधिकार पाउाछन् भन्ने कुरा स्वीकार गर्दैन । कसैले गरेको कुनै काम तत्काल विद्यमान कानुन अनुसार अपराध हो भने पनि अधिकार प्राप्त न्यायिक निकायले सबै न्यायिक प्रक्रिया पूरा गरी दोषी नठऱ्याए सम्म उ निर्दोष हुन्छ भन्ने मान्यता हो यो । पछि बनेको कानुनले अघिको कुनै कृत्यलाई अपराध किटान गर्न पाइन्न भन्ने यस्ले मान्दछ । हाम्रा अधिकार संविधान वा कानुनले दिएका कारण मात्र हाम्रा अधिकार भएका होइनन् बरु संविधान नै हाम्रो अधिकारको उपज हो र संविधानद्वारा शासित हुनपाउनु हाम्रो नैसर्गिक अधिकार हो ।

बास्तवमा विधिको शासन भनेकै लोकतान्त्रिक शासन हो । अत: कुनै मुलुकमा यदि स्वेच्छाचारी शासन वा हुकुमी शासन छ भने त्यहाा असल शासन किमार्थ हुनसक्दैन । असल शासनले नागरिकसंग समान व्यवहार शासनमा समान पहुाचको माग गर्छ र शासकको मनपरी वा निरङ्कुशतालाई स्वीकार गर्दैन । यस अर्थमा विधिको शासन पनि असल शासनको एक महत्वपूर्ण विशेषता हो ।

## ५. स्वच्छ र विश्वसनीय न्याय प्रणाली :

सुशासनको अर्को महत्वपूर्ण विशेषता भनेको स्वच्छ र विश्वसनीय न्याय प्रणाली हो । वास्तवमा न्यायको स्वच्छता र निष्पक्षता सभ्य समाजको निशानी हो । समाजमा अनेकौं होची-अर्घेली